# उच्च सरकारी वकील कार्यालय

## जुम्ला

(प्रशासन शाखा)

पत्र संख्याः०७७/०७८

चलानी नं. ९४३

मितिः २०७७।६।२९

**विषयः अभियोजन सुधार सम्बन्धमा निर्देशन ।**

श्री जिल्ला सरकारी वकील कार्यालयहरू,
जुम्ला, हुम्ला, डोल्पा, मुगु र कालिकोट ।

उपर्युक्त सम्बन्धमा यस कार्यालयको मितिः २०७७।६।२९ गतेको निर्णयानुसार अभियोजनमा सुधार सम्बन्धमा निम्न बमोजिम कार्य तहाँ कार्यालयबाट गर्न हुन अनुरोध छ ।

१) महान्यायाधिवक्ताको कार्यालयको चलानी नं सचिवालय ४५, मितिः २०७७।६।२२ को अभियोजन सुधार सम्बन्धमा निर्देशन सम्बन्धी पत्रको मातहत कार्यालयहरूले प्रभावकारी कार्यान्वयन गर्ने । महान्यायाधिवक्ताको कार्यालयको व्यवस्थापन समितिको २०७७ साउन ८ गते बसेको बैठकले आ.व. ०७७।०७८ लाई अभियोजन सुधार वर्ष २०७७ घोषणा गरी कार्यान्वयनमा रहेकोमा अभियोजन सुधार सम्बन्धमा उल्लेखित बुँदाहरू कार्यान्वयन गर्ने ।

२) महान्यायाधिवक्ताको कार्यालयको पञ्चवर्षीय रणनीतिक योजनाले समेत निर्दिष्ट गरेको र मातहत कार्यालयको वार्षिक कार्ययोजनामा समेत समावेश गरिएको अनुसन्धान अधिकृत र सरकारी वकीलबीच मातहत कार्यालयहरूले मासिक रूपमा बैठक गरी सो को निर्णयको प्रतिलिपी उच्च सरकारी वकील कार्यालय, जुम्लामा पठाउने । अनुसन्धान र अभियोजनलाई प्रभावकारी बनाउन र अभियोजन र अनुसन्धान सम्बन्धमा देखिएका समस्याहरूका सम्बन्धमा छलफल गरी अभियोजन सुधारमा प्रभावकारित ल्याउने ।

३) महान्यायाधिवक्ताको कार्यालयको चलानी नं सचिवालय ४१, मितिः २०७७।६।१८ को जबरजस्ती करणी सम्बन्धी मुद्दामा लगातार सुनुवाई प्रभावकारी बनाउने सम्बन्धमा जारी पत्रको मातहत कार्यालयहरूले प्रभावकारी कार्यान्वयन गर्ने । मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम ९६ मुद्दामा लगातार कारबाही र सुनुवाई गरिने व्यवस्था सम्बन्धमा उपनियम (१) मा उक्त नियमावलीको अनुसूची ३० मा उल्लेख भएका नेपाल सरकार वादी भई चलेको फौजदारी मुद्दाको हकमा सबै प्रतिवादी उपस्थित गराइएकोमा वा प्रतिवादी उपस्थति हुने अवधी समाप्त भएपछि लगातार कारबाही र सुनुवाई गरी किनारा गरिनेछ भनी उल्लेख भएकोमा उक्त नियमावलीको अनुसूची ३० को क्रमसंख्या (१) जबरजस्ती करणी सम्बन्धी कसूर, (२) भेदभाव तथा अन्य अपमानजन्य व्यवहार सम्बन्धी कसूर, (३) गर्भ संरक्षण बिरूद्धको कसूर र (६) सर्वोच्च अदालतले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेका कसूर भनी उल्लेख भएकोमा मातहत कार्यालयबाट अभियोग पत्र दायर गर्दा लगातार कारबाही र सुनुवाई गर्ने मुद्दाहरूमा अभियोगपत्र दायर गर्दा प्रतिवादी चुक्ता भएको अवस्थामा अभियोगपत्र साथ पीडित, जाहेरवाला एवं साक्षीलाई लगातार सुनुवाई

फोन नं:०८७-५२००१०
Email: hgao.jumla@ag.gov.np, Web: www.ag.gov.np

# उच्च सरकारी वकील कार्यालय
## जुम्ला
### (प्रशासन शाखा)

पत्र संख्या:०७७/०७८

चलानी नं.

मिति: २०७७।६।२९

अन्तर्गत कारवाहीको लागि अदालतमा पेश गरी वकपत्र सम्पन्न गराउने र अभियोगपत्रमा उक्त कानूनी व्यवस्था समेत उल्लेख गर्ने ।

(शम्भु गौतम)
निमित्त सहन्यायाधिवक्ता

नि.सहन्यायाधिवक्ता

वोधार्थः
महान्यायाधिवक्ताको कार्यालय, नेपाल
सिंहदरबार, काठमाडौं ।

फोन नं:०८७-५२००१०
Email: hgao.jumla@ag.gov.np, Web: www.ag.gov.np